**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**
**मितिः १६ अप्रेल २०२४**
**समयः १८:५० – १६:०० बजे**

**प्रमुख समाचार**

१. लोकासभा चुनावको प्रथम चरणमा पश्चिम बंगालका ३ सिटहरू अलिपुरद्वार, जलपाईगुड़ी रकूचबिहारमा केही सामान्य घटना सहित शान्तिपूर्ण ढ़ंगमा सम्पन्न।

२. देशका १७ राजय अनि चार केन्द्रशसित प्रदेशहरूमा फिजिएको १६२ लोकसभा सीटमा बलुकी ५ बजे सम्म ६२ प्रतिशत मतदान रेकर्ड गरिएको छ। पश्मिच बंगालमा सर्वाधिक ७७.५७ प्रतिशत रेकड गरिएको छ।

३. सिक्किम विधानसभाका ३२ अनि अरूणाचल प्रदेश विधानसभाका ६० सीटमा मतदान केही सामान्य घटनाका साथ शान्तिपूर्ण सम्पन्न। ५ बजे सम्म सिक्किममा ६७. ४८ प्रतिशत र अरूणाचल प्रदेशमा ६४.६ प्रतिशत मतदान रेकर्ड गरियो।

४. दोस्रो चरणको लोकसभा चुनावका लागि दार्जीलिङ सीटमा चुनाव प्रचार तातिन्दै गएको छ।

**पहिलो चरणको मतदान**

लोकसभा चुनावको पहिलो चरणको मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ। यस चरणमा १७ राज्य र ४ केन्द्र शासित प्रदेशका १०२ सिटका लागि मतदान भएको थियो। केही छुट्टाछुट्टै घटना बाहेक मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ। प्रारम्भिक विवरण अनुसार साँझ ५ बजेसम्म औसत ६२ प्रतिशत मत खसेको थियो। लोकसभा चुनावसँगै अरुणाचल प्रदेश र सिक्किममा पनि विधानसभा चुनावको मतदान भयो। अरुणाचल प्रदेशमा दुई लोकसभा सीटका लागि मतदान भएको थियो। तमिलनाडुका सबै ३९ संसदीय सिटका लागि मतदान भएको थियो। ६२ प्रतिशत मतदान भएको थियो।पश्चिम बंगालमा सात चरणमा मतदान हुँदैछ। पहिलो चरणमा तीन लोकसभा सिट अलिपुरद्वार, जलपाईगुडी र कुचबिहारका लागि मतदान भएको थियो। राज्यमा समग्रमा ७७ प्रतिशतभन्दा बढी मतदान भएको छ।उत्तर प्रदेशमा पनि सातै चरणमा मतदान हुने भएको छ। पहिलो चरणमा आज आठ निर्वाचन क्षेत्रका लागि मतदान भएको छ। यहाँ ५७ प्रतिशतभन्दा बढी मतदान भएको छ।राजस्थानको कुल २५ लोकसभा सिटमध्ये १२ वटा सिटका लागि आज मतदान भएको छ। औसतमा ५० प्रतिशत मतदान भएको छ।केन्द्र शासित प्रदेश जम्मू कश्मीरका पाँच सिटमध्ये आज उधमपुर लोकसभा निर्वाचन क्षेत्रमा ६५ प्रतिशत मतदान भएको छ।उत्तर-पूर्वी राज्यहरूमा, नागाल्याण्डमा 56 प्रतिशत भन्दा बढी, मेघालयमा 70 प्रतिशत, मिजोरमले 53 प्रतिशत र मणिपुरमा 68 प्रतिशत भन्दा बढी मतदान भएको रिपोर्ट गरिएको छ।

****** ० ******

**लोकसभा चुनाव**

लोकसभा चुनावको पहिलो चरणको मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ। यस चरणमा १७ राज्य र ४ केन्द्र शासित प्रदेशका १०२ सिटका लागि मतदान भएको थियो। जसमध्ये १८ सिट अनुसूचित जाति र ११ सिट अनुसूचित जनजातिका लागि आरक्षित थिए।साँझ ५ बजेसम्म त्रिपुरामा ७५ प्रतिशतभन्दा बढी, पश्चिम बंगालमा ७७ प्रतिशत, मेघालयमा करिब ७० प्रतिशत, मणिपुरमा ६७ प्रतिशत, मध्य प्रदेशमा ६३ प्रतिशत, पुडुचेरीमा ७३ प्रतिशत, नागाल्याण्डमा

करिब ५६ प्रतिशत, मिजोरममा ५२ प्रतिशतभन्दा बढी, राजस्थानमा ५० प्रतिशतभन्दा बढी, सिक्किममा ६७ प्रतिशतभन्दा बढी, तमिलनाडुमा ६२ प्रतिशत, उत्तर प्रदेशमा ५७ प्रतिशतभन्दा बढी, उत्तराखण्डमा ५३ प्रतिशतभन्दा बढी, जम्मू कश्मीरमा ६५ प्रतिशत, बिहारमा ४६ प्रतिशतभन्दा बढी, अरुणाचल प्रदेशमा ६३ प्रतिशत, अण्डमान र निकोबार टापुमा झण्डै ५७ प्रतिशत, असममा झन्डै ७१ प्रतिशत, छत्तीसगढमा ६३ प्रतिशतभन्दा बढी, लक्षद्वीपमा ५९ प्रतिशत र करिब ५५ प्रतिशत महाराष्ट्रमा मत खसेको छ ।

****** ० ******

**लोक सभा चुनाव बंगाल**

पश्चिम बंगालका तीन लोकसभा सिटका लागि आज मतदान सम्पन्न भएको छ। लोकतन्त्रको यो पर्वमा जनता उत्साहका साथ सहभागी भइरहेका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयको अभिलेख अनुसार दिउँसो ३ बजेसम्म ६६.३४ प्रतिशत मतदान भएको हो । सबैभन्दा बढी मतदान प्रतिशत जलपाईगुडीमा ६७.२८ प्रतिशत र अलिपुरद्वारमा ६६.२३ प्रतिशत रहेको छ। कुचबिहारमा ६५.५४ प्रतिशत मतदान भएको छ । हिंसाका अधिकांश रिपोर्टहरू कुचबिहारको चन्दमारी क्षेत्रबाट आएका छन्। भाजपा बुथ अध्यक्ष लव सरकारमाथि हमला भएपछि तनाव बढेको छ। टाउकोमा गम्भीर चोट लागेपछि उनलाई अस्पताल भर्ना गरिएको छ । त्यस्तै, भाजपा र तृणमूल कांग्रेसका कार्यकर्ताबीच ढुंगा हानाहान हुँदा तृणमूल कांग्रेसका एक कार्यकर्ताको टाउकोमा पनि गम्भीर चोट लागेको छ।

****** ० ******

**विधानसभा चुनाव**

अरुणाचल प्रदेशमा विधानसभा चुनावमा साँझ ५ बजेसम्म ६४.६ प्रतिशत मतदान भएको थियो ।६० सदस्यीय विधान सभाको ५० सिटका लागि आज मतदान भएको छ । राज्यका १० सिटमा भारतीय जनता पार्टीका उम्मेदवार पहिलेबाट नै निर्विरोध विजयी भएका छन् ।सिक्किममा विधानसभा चुनावका लागि साँझ ५ बजेसम्म ६७.४८ प्रतिशत मतदान भएको छ। ३२ सदस्यीय विधानसभाका लागि १२ महिलासहित १४६ जना उम्मेदवार मैदानमा छन् ।

****** ० ******

**उप-चुनाव**

बेलुका ५ बजेसम्म तमिलनाडुको विलाभानकोड विधानसभा सीटमा भएको उप चुनावका लागि ५६.६८ प्रतिशत मतदान भएको थियो।बेलुका ५ बजेसम्म त्रिपुराको रामनगर विधानसभा उप चुनावका लागि ६७.८१ प्रतिशत मत खसेको थियो।

****** ० ******

**लोकसभा चुनाव कम बेसी**

लोकसभा चुनावको पहिलो चरणमा साँझ ५ बजेसम्म पश्चिम बंगालमा सबैभन्दा बढी र बिहारमा सबैभन्दा कम मतदान भएको छ। पश्चिम बंगालमा ७७.५७ प्रतिशत, त्रिपुरामा ७६ दशमलव एक शून्य, पुडुचेरीमा ७२ दशमलव आठ चार, असममा ७० दशमलव सात सात, मेघालयमा ६९ दशमलव नौ एक र मणिपुरमा ६७ दशमलव नौ शून्य प्रतिशत मतदान भयो। सबैभन्दा कम मतदान प्रतिशत बिहारमा ४६.३२, राजस्थानमा ५०.२७, मिजोरममा ५२.९१ र महाराष्ट्रमा ५४.८५ मा रेकर्ड गरिएको थियो।

****** ० ******

**मुख्यमन्त्री ममता बनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले फेरि एकपटक दोहोऱ्याउनु भएको छ कि उहाँ पश्चिम बंगालमा नागरिकता संशोधन ऐन (सीएए) लागू हुन दिन्न। आज मुर्शिदाबादमा चुनावी ऱ्यालीलाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्री ममता बनर्जीले विशेष गरी देशका अन्य राज्यहरूमा काम गर्न जाने पश्चिम बंगालका मजदुरहरूलाई अपील गर्नु भयो । उहाँको अपील मुस्लिम मजदुरहरूलाई थियो। इदको बिदामा घर आएकाले भोट दिएपछि मात्रै जानुपर्ने ममताले बताउनु भयो। पश्चिम बंगालको

मुख्यमन्त्री ममता बनर्जीले भन्नु भयो  "म यहाँ ईद मनाउन आएका सबै अप्रवासी कामदारहरूलाई अनुरोध गर्न चाहन्छु, कृपया भोट नदिई फर्किनु हुन्न किनभने यदि तपाईंले आगामी दिनहरूमा भोट हाल्नुभएन भने तिनीहरू (भाजपा)ले तपाईंको आधार कार्ड खोस्नेछन्। आधार कार्ड र नागरिकता पनि खोस्नेछन्। म बंगालमा CAA लागू हुन दिने छैन। यो असममा लागू भयो र धेरै मानिसहरू मरे। अब उनीहरू पनि UCC को बारेमा कुरा गरिरहेका छन्, के तपाईंलाई थाहा छ यदि तिनीहरूले UCC ल्याए तपाईंले आफ्नो पहिचान गुमाउनुहुनेछ।मुख्यमन्त्री ममता बनर्जीले मुर्शिदाबादमा चुनावी र्‍यालीलाई सम्बोधन गर्नु हुँदै कांग्रेसलाई एक मत पनि नदिन अपील गर्नु भएको । यससँगै उहाँले बंगालमा कुनै पनि इन्डि गठबन्धन नभएको र यो दिल्लीमा मात्रै हो । उहाँले भन्नु भयो यदि सीपीआई (एम) कांग्रेसले बंगालमा भारत गठबन्धन छ भनी भनिरहेका छन् भने तिनीहरू भ्रामक छन्। उहाँले कांग्रेसलाई दिएको एक मतले पनि भाजपालाई बलियो बनाउनेछ भनि बताउनु भयो।

****** ० ******

**राज्यपाल**

पश्चिम बंगालको तीन लोकसभा सिटमा मतदान भइरहेको छ । मतदानलाई लिएर जनतामा उत्साह पनि देखिएको छ । यसैबीच, राज्यपाल सीवी आनन्द बोसले मन्दिरमा प्रार्थना गर्न गए र शान्तिपूर्ण मतदानको कामना गर्नु भयो। हालसम्म स्थानीय प्रशासनमा निर्वाचनमा अवरोध भएको धेरै गुनासो आएका छन् जसलाई ध्यानमा राखी तत्काल कारबाही अघि बढाइएको छ । मिडियासँग कुरा गर्नु हुँदै उहाँले आज आफ्ना धेरै कार्यक्रम प्रस्तावित भए पनि शान्तिपूर्ण निर्वाचन गराउनका लागि सबै कार्यक्रम रद्द गरेको बताउनु भयो। उहाँ आज पनि उत्तर बङ्गालको भ्रमणमा जाने तयारीमा हुनु हुन्थ्यो तर हिजो  उहाँले त्यसलाई रद्द गर्नु भएको थियो।

****** ० ******

**बंगाल चुनाव सिकायत दर्ता**

आज मतदान भइरहेका देशभरिका 102 वटा लोकसभा क्षेत्रहरूमा पश्चिम बंगालको पनि तीनवटा लोकसभा सीट सामेल छन्। यहाँका कुचबिहार, जलपाईगुड़ी र अलिपुरद्वारमा मतदान भइरहेको छ। बिहान 7:00 बजेदेखि मतदान शुरू भएदेखि नै जलपाईगुड़ी र कुचबिहारका कतिपय क्षेत्रहरूमा भारतीय जनता पार्टी (भाजपा) र तृणमूल कार्यकर्ताहरूमाझ हातपात, कुटपिट, हिंसा भइरहेको सिकायत प्राप्त भएको छ। चुनाउ आयोगको सूत्रले बताएको छ, मात्र तीन घण्टाको अवधिमा आयोग समक्ष 151 वटा सिकायतहरू दर्ता भएका छन्। बिहान 9:00 बजेसम्ममा यीमध्ये 37 सिकायत सत्तारूढ़ पार्टी तृणमूल कंग्रेसद्वारा दर्ता गराइएको छ भने अन्य सबै भाजपा, माकपा, कंग्रेस तथा निर्दलीयद्वारा आयोग समक्ष दर्ता गराइएको छ। प्रत्येक सिकायतलाई सम्बन्धित जिल्लाका अधिकारीहरूलाई पठाएर त्यसलाई सुल्झाउने निर्देश दिइएको छ।

****** ० ******

**बीपी बजगाई**

खरसाङ क्षेत्रका जनताको भोटले म बिजय भएर पश्चिम बंगालको विधानसभामा चारपल्ट गोर्खाल्याण्डको आवाज उठाए, त्यो आवाज मेरो होइन जनताको आवाज हो। म त माध्यम मात्र हो।' उक्त कुरा दार्जीलिङ संसदीय आसनका निर्दलीय प्रार्थी बीपी बजगाईले आज खरसाङमा भन्नु भएको छ। उहाँ आज आफ्नो चुनाउ प्रचार गर्दै तीनधारे, महानदी हुँदै खरसाङ आइपुगनु भएको थियो। खरसाङको गोर्खा जनपुस्ताकालय भवनमा पत्रकार सम्मेलनमा श्री बजगाईले भन्नु भयो, धेरै अफरहरू आएको भए तापनि कुनै लोभमा नपरी मुद्दालाई लिएर अघि बढिरहेको छु। कुर्सीमा बसेपछि मानिसहरूले मुद्दालाई छोड्छन्। तर म लगातार रूपमा मुद्दालाई लिएर हिँडिरहेको छु र मुद्दाकै कारणले आफ्नो पार्टीले पन्साएको हो। बजगाईले आफुलाई दिइएको सुरक्षा पनि हटाइएको बताउँदै यसको एकमात्र कारण अलग राज्यको माग रहेको बताउनु भयो । पहाड़का राजनैतिक दलहरूले आफ्नो मुद्दा नै राजु विष्टलाई बुझाएको पनि  आरोप लगाउनु भएको छ|

****** ० ******

**सीबीआई जाँच कायम**

कलकत्ता हाई कोर्टको खण्डपीठले उत्तर बंगालका पहाड़ी क्षेत्रहरूमा जीटीए शिक्षकहरूको नियुक्तिमा "भ्रष्टाचार" मामिलाको सीबीआई जाँचलाई कायम राखेको छ। मामिलाको सुनवाई न्यायमूर्ति हरीश टण्डन र न्यायमूर्ति मधुरेश प्रसादको खण्डपीठमा हिजो भयो। सुनवाईको अन्तमा फसेलालाई स्थगित गरिएको थियो। आज बिहान खण्डपीठले एकल पीठको आदेशलाई कायम राख्यो।
उच्च न्यायालयका न्यायमूर्ति बिश्वजित बोसको एकल पीठले जीटीए अन्तर्गतका क्षेत्रहरूमा शिक्षकहरूको भर्तीमा "भ्रष्टाचार"- का धेरैवटा आरोपहरूको सीबीआई जाँच गर्ने आदेश दिएको थियो। केन्द्रिय एजेन्सीलाई यस सम्बन्धमा आगामी 25 अप्रेलको दिन अदालतमा रिपोर्ट सुम्पिने आदेश दिइएको थियो। राज्यले आदेशलाई चुनौती दिँदै खण्डपीठ नै परिवर्तन गरेको थियो।

****** ० ******

**भाजपा नेताको घरमा बम**

पहिलो चरणको चुनाउमा कुचबिहार चर्चामा रह्यो। कुचबिहार लोकसभा सीट अधिनस्थ दिनहाटाको भिलेज-2 मा शुक्रवार भारतीय जनता पार्टी (भाजपा) बूथ अध्यक्षको घर नजिक ताजा बम भेटियो।
आज कुचबिहारका विभिन्न क्षेत्रहरूमा छुटपुट अशान्ति भएको खबरहरू आइरहेका छन्। भाजपा र तृणमूलले एका-अर्कामाथि आरोप-प्रत्यारोपहरू लगाइरहेको छ। केही पोलिंग एजेन्टहरूलाई बूथमा बस्नदेखि रोकियो भने कुनै पोलिंग एजेन्टमाथि कुटपिट गरिएको आरोप छ त कसैको टाउको फुटाएको आरोप छ।
भाजपा नेताको आरोप छ, बिहान बूथमा जानका लागि घरबाट हिँड़ेका भाजपा नेताले घर बाहिर ताजा बम भेटे। उहाँले आरोप लगाउनु भयो कि  उहाँलाई पहिलादेखि नै बूथमा गयो भने नराम्रो परिणाम भोग्न तयार रहने जस्ता धम्की अनि डरहरू देखाइरहेको थियो। उहाँलाई बमले उड़ाउने धम्की समेत दिइएको थियो। त्यसपछि आज बिहान उनको घर सामु बम भेटियो। अर्कोतिर तृणमूलले उक्त आरोपहरूलाई अस्वीकार गरेको छ।

****** ० ******

**जीटीए कर्मचारी संगठन**

पंखाबारी लङ्गभ्यु अम्बटे समष्टि अन्तर्गत पंखाबारी सार्वजनिक भवनमा जीटीए कर्मचारी संगठनको एक जरूरी सभा सुरज प्रधानको सभापतित्वमा सम्पन्न भयो। समष्टि सचिव ललित प्रधानले सञ्चालन गरेको सभालाई समष्टि कार्यकारी सभासद कल्पना प्रधान, जीटीए कर्मचारी सभापति साजन गतराज, सचिव सुधम शर्मा, भरत विश्वकर्म, सुनिल छत्री आदिले सम्बोधन गरेका थिए।
सभामा जीटीए कर्मचारी संगठनको पक्षबाट आगामी लोक सभा चुनाउमा भागोप्रमो समर्थित प्रार्थी गोपाल लामालाई सहयोग गर्ने निर्णय लिइयो। साथै पार्टी संस्थापक अध्यक्ष अनित थापाको हात दह्लिो पार्न संगठनले पूर्ण सहयोग गर्ने प्रण गरेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**सीआरपीएफ जवानको मृत्यु**

छत्तीसगढको बिजापुर जिल्लामा आज भएको विष्फोटमा केन्द्रीय रिजर्भ पुलिस बल-सीआरपीएफका एक जवानको मृत्यु भएको छ। CRPF को एक टोली उसूर पुलिस स्टेशन अन्तर्गत गलगाम क्षेत्रमा क्षेत्र प्रभुत्वमा थियो। अपरेशनको क्रममा, एक अन्डर ब्यारेल ग्रेनेड लन्चर (UBGL) संयोगवश विस्फोट भयो। यस घटनामा सीआरपीएफको १९६ औं कोरका जवान देवेन्द्र कुमार घाइते भएका छन् । घाइते सुरक्षाकर्मीलाई जगदलपुर अस्पतालमा भर्ना गरिएको थियो, जहाँ उनको उपचारको क्रममा मृत्यु भएको थियो।अर्को घटनामा, बिजापुर जिल्लाको भैरमगढ क्षेत्रमा आईईडी विस्फोटमा सीआरपीएफका एक

जवान घाइते भएका छन्। CRPF टोलीले चिहका गाउँमा रहेको मतदान केन्द्र वरपरको क्षेत्रमा इलाका प्रभुत्व जमाउने क्रममा प्रेसर आईईडी विस्फोट भयो।

****** ० ******